<u>अन्नपूर्ण गाँउपालिकामा एम्बुलेन्स संचालन तथा ब्यबस्थापन सम्बन्धी कार्यविधी</u>

गाउँ कार्यपालिकाबाट पारित मिति २०७५।०१।१९

१.संक्षिप्त नाम: यो कार्यविधिको नाम अन्नपूर्ण गांउ पालिकामा एम्बुलेन्स संचालन तथा ब्यबस्थापन सम्बन्धी कार्यबिधि २०७५ रहनेछ ।

२.प्रारम्भ: यो कार्यबिधि गाँउ कार्यापालिकाले पारित गरेको मिति बाट लागु हूनेछ ।

३. परिभाषा: बिषय वा प्रशंगले अर्को अर्थ नलागेमा यस कार्यबिधिमा

क समिति भन्नाले एम्बुलेन्स सञ्चालन तथा व्यवस्थापन समिति सम्झनु पर्दछ ।

ख.एम्बुलेन्स सेवा भन्नाले आकस्मीक रुपमा प्रदान गर्नु पर्ने सेवालाई सम्झनू पर्छ ।

ग. कार्यापालिका भन्नाले अन्नपूर्ण गांउकार्यपालिकालाई सम्झनु पर्छ ।

घ. गांउ सभा भन्नाले अन्नपुर्ण गाँउपालिकाको गाउसभालाई सम्झनू पर्छ ।

ङ वडा सदस्य भन्नाले कुनै वडाको वडा समितिको सदस्य सम्झनु पर्दछ ।

४. एम्बूलेन्स संचालन तथा ब्यबस्थापनका लागि तपशिल बमोजिमको एम्बुलेन्स सञ्चालन तथा व्यवस्थापन समिति रहने छ ।

तपशिल

| | | |
|---|---|---|
| १ | सामाजिक बिकास समितिका पुरुष सदस्य: | संयोजक |
| २ | सामाजिक बिकास समितिको महिला सदस्य: | सदस्य |
| ३ | कुनै वडाको वडा सदस्य: | सदस्य |
| ४ | कार्यपालिकाको महिला सदस्य: | कोषाध्यक्ष |
| ५ | स्वास्थ्य शाखा प्रमूख: | सदस्य - सचिव |

५ माथि गठित समितिले एम्बुलेन्स संचालन तथा आर्थिक ब्यबस्थापन लगायतका अन्य कार्यहरु गर्नु पर्दछ ।

६.एम्बुलेन्सको भाडा दर अनुसुची (१) मा उल्लेख भए बमोजिम हुनेछ ।

७.एम्बुलेन्स सञ्चालन गर्न आवश्यक आर्थिक व्यवस्थापनको लागि गाँउपालिका लगायत अन्य व्यक्ति, सघ सस्था सँग समितिले समन्वय गर्न सक्नेछ ।

८.सङकलित भाडा तथा प्राप्त सहयोग रकम एक कोषमा जम्मा गरिने छ । सो कोष परिचालनको लागि समितिको सयोजक ,कोषाध्यक्ष र सदस्य सचिवको सयुक्त दस्तखत हुने गरी खाता सञ्चालन गरिने छ ।

९ एम्बुलेन्सको अवस्था सञ्चालन प्रक्रिया लगायतका गतिविधिको बारेमा सामाजिक विकास समितिले कम्तिमा महिनाको एक पटक गाँउपालिका समक्ष प्रगति विवरण प्रस्तुत गर्नु पर्नेछ ।

१० शब बहानको व्यवस्थापन गर्नु पर्दा अनुसुची (१) मा उल्लेखित भाडा दरको दोब्बर भाडा दर लाग्नेछ ।

११.एम्बूलेन्स संचालन तथा ब्यबस्थापन लगायतका सम्पुर्ण कार्यको निगरानी,अनूगमन तथा नियगमन गर्ने सम्पुर्ण अधिकार तथा जिम्मेवारी गाँउ कार्यापालिकामा रहनेछ ।

## अनुसुची १

बुदाँ न -६_ सँग सम्बन्धित

| सि न | स्थान | रकम रु |
|---|---|---|
| १ | पोखरेबगर- काभ्रे | ९०० |
| २ | पोखरेबगर- तितर | ७०० |
| ३ | पोखरेबगर- दाना | ५०० |
| ४ | पोखरेबगर- नारच्याङ | ५०० |
| ५ | पोखरेबगर- तातोपानी | २०० |
| ६ | पोखरेबगर- भूरुङ | ५०० |
| ७ | पोखरेबगर- बेनी | १८०० |
| ८ | पोखरेबगर- बाग्लुङ | २५०० |
| ९ | पोखरेबगर- पोखरा | ४००० |
| १० | पोखरेबगर- दोबा | ९०० |
| ११ | पोखरेबगर- बिरौटा | १३०० |
| १२ | पोखरेबगर- घार | १८०० |
| १३ | पोखरेबगर- शिख | २२०० |
| १४ | पोखरेबगर- घराम्दी | २००० |
| १५ | पोखरेबगर- हिस्तान | २३०० |
| १६ | पोखरेबगर- राम्चे | ३२०० |
| १७ | पोखरेबगर- काफलडाडा | ३००० |
| १८ | पोखरेबगर- रिम | २००० |
| १९ | पोखरेबगर- नागी | ३५०० |
| २० | पोखरेबगर- पाउद्धार | १८०० |
| २१ | पोखरेबगर- दोसल्ले | ५०० |
| २२ | बेनी-पोखरा | २२०० |
| २३ | पोखरेबगर खिवाङ | २००० |
| २४ | पोखरेबगर  चित्रे | २५०० |
| २५ | पोखरेबगर ओल | २००० |

माथि उल्लेखित भाडा दर समय अनुकुल परिवर्तन गर्न सकिनेछ।